# टोखा नगरपालिका

टोखा नगरपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड ९ संख्या ५ मितिः २०८२/०५/२२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ङ) बमोजिम टोखा नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग–२

## टोखा नगरपालिकामा रहेका मुटुरोगीलाई आर्थिक सहयोग उपलव्ध गराउने सम्वन्धी कार्यविधि, २०८२

**प्रस्तावना:** बढ्दो शहरीकरण संगै परिवर्तित जीवनशैली तथा अस्वस्थकर खानपान जस्ता कारण पछिल्ला बर्षहरुमा नेपालमा नसर्ने रोगहरु जनस्वास्थ्य समस्याको रुपमा देखा परीरहेको परिप्रेक्ष्यमा टोखा नगरपालिकामा पनि मुटुरोग लगायत अन्य नसर्ने रोगहरुको संख्या निरन्तर रुपमा बढिरहेको छ। मुटुरोगको

पहिचान, नियन्त्रण तथा उपचारका लागि नगरपालिकाले नियमित तथा स्वास्थ्य शिविरहरु मार्फत खोजपड्ताल परामर्श तथा निःशुल्क रुपमा औषधि बितरण जस्ता कार्यक्रमहरु मार्फत सम्बोधन गर्ने प्रयासहरु गरेको भएपनि जटिल र महङ्गो शुल्कमा शल्यक्रिया मार्फत मुटुरोगको उपचार गर्नुपर्ने ब्यक्तिहरुलाई आर्थिक समस्या पर्ने हुनाले नगरपालिका भित्र स्थायी बसोबास गर्ने गरिब तथा बिपन्न नागरिकहरुलाई मुटुरोगको शल्यक्रियामा आर्थिक सहयोग उपलव्ध गराउन वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ र २ बमोजिम टोखा नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यो कार्यविधिको नाम टोखा नगरपालिकामा रहेका मुटुरोगीलाई आर्थिक सहयोग उपलव्ध गराउने सम्वन्धी कार्यविधि, २०८२ रहने छ।

२) यो कार्यविधि २०८२ साल श्रावण १ गते देखि लागू हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा;

क) आर्थिक सहयोग भन्नाले यस कार्यविधि बमोजिम अस्पतालमा मुटुको शल्यक्रिया गर्नुपर्ने लक्षित बर्गका नागरिकहरुलाई मुटुको शल्यक्रियामा लाग्ने खर्चमध्ये सहयोग स्वरुप उपलव्ध गराईने रकम भनी सम्झनु पर्दछ।

ख) लक्षित वर्ग भन्नाले मुटुको शल्यक्रिया गर्नुपर्ने टोखा नगरपालिकामा स्थायी बसोबास गर्ने बिपन्न तथा गरिब नागरिक लाई सम्झनु पर्दछ।

ग) नगरपालिका भन्नाले टोखा नगरपालिका सम्झनु पर्दछ।

घ) अस्पताल भन्नाले शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र, बाँसवारी, काठमाडौंलाई सम्झनु पर्दछ।

ङ) बिरामी भन्नाले अस्पतालमा उपचार गर्ने लक्षित बर्गको नागरिक सम्झनु पर्दछ।

च) समिति भन्नाले यस कार्यबिधिको दफा ६ बमोजिम गठित समिति भन्ने सम्झनु पर्दछ।

## परिच्छेद– २

## कार्यान्वयन विधि

३. **अस्पतालसँगको सहकार्यः** (१) यस कार्यविधि बमोजिम लक्षित बर्गका नागरिकहरुको मुटुरोगको शल्यक्रियाका लागि आर्थिक सहयोग उपलव्ध गराउने सम्बन्धमा नगरपालिका र अस्पताल वीच सम्झौता  गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौता  दुबै पक्षको आपसी छलफलबाट आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ।

४. **लक्षित बर्गका नागरिकको छनौट, सिफारिस र निवेदनः** (१) अस्पतालमा उपचाररत बिरामीको आर्थिक अवस्था र सम्बन्धित वडा कार्यालयले गरेको गरिब/बिपन्न सिफारिस अनुसार दफा ६ बमोजिमको समितिले सम्बन्धित व्यक्तिलाई उपलव्ध गराउने आर्थिक सहयोग वापतको रकम तोकि अस्पताललाई सिफारिस गर्नु पर्नेछ।

(२) संघीय सरकार र प्रदेश सरकारबाट मुटुरोगको उपचार वापत विपन्न नागरिक उपचार सहुलियत शिर्षकमा उपचार खर्च वापत रकम प्राप्त गरेको बिरामीलाई यस कार्यविधि बमोजिम आर्थिक सहयोग उपलव्ध गराईने छैन।

तर, बिरामीको कूल उपचार खर्च रकम संघीय सरकार र प्रदेश सरकारबाट उपलब्ध गराईएको रकम भन्दा बढी हुन गएमा नपुग रकम यस कार्यविधिको सीमा भित्र रही आर्थिक सहयोग उपलव्ध गराउन सकिनेछ।

(३) यस कार्यबिधी बमोजिमको आर्थिक सहयोग प्राप्त गर्नका लागि सम्बन्धित बिरामीको नागरिकता प्रमाणपत्र/राष्ट्रिय परिचयपत्र/नाबालक परिचयपत्रको प्रतिलिपि, अस्पतालको पत्र, वडा कार्यालयबाट भएको गरिब/बिपन्न सम्बन्धी सिफारीस, टोखा नगरपालिका भित्र स्थायी बसोबास भएको खुल्ने कागजात (टोखा नगरपालिकामा स्थायी ठेगाना भएको वा बसाई सरी आएको वा विवाह गरी आएको प्रमाण) का साथमा अनुसुची -१ बमोजिमको ढाँचामा सम्बन्धित बिरामी वा निजको एकाघरको परिवारका सदस्यले नगरपालिकामा निवेदन पेश गर्नुपर्नेछ। एकाघरको सदस्यले निवेदन दिने भएमा सम्बन्धित बिरामीसँगको नाता खुल्ने कागजात समेत संलग्न गर्नुपर्नेछ।

५. **आर्थिक सहयोग**: (१) यस कार्यविधि बमोजिम बिरामीलाई उपलब्ध गराउने आर्थिक सहयोग रकम दफा ६ बमोजिमको समितिको निर्णयको आधारमा अधिकतम् रु. ५० हजार सम्म हुनेछ।

(२) समितिवाट निर्णय भई तोकिएको आर्थिक सहयोग रकम भन्दा वास्तविक उपचार खर्च रकम कम भएमा अस्पतालले भुक्तानी माग गर्दा सो व्यहोरा समेत खुलाउनुपर्नेछ र नगरपालिकाले अस्पताललाई वास्तविक खर्च रकम मात्र भुक्तानी गर्नेछ।

६. **सिफारिस समितिः** (१) मुटु सम्बन्धि शल्यक्रिया गर्नुपर्ने बिरामीलाई आर्थिक सहयोगका लागि वडा कार्यालयबाट सिफारिस भई आएको अवस्थामा तपशिल बमोजिमको सिफारिस समितिले उपचार सहुलियत रकम समेत तोकेर अस्पताललाई सिफारीस गर्नेछ।

संयोजकः नगर प्रमुख

सदस्यः नगर उप प्रमुख

सदस्यः - प्रमुख प्रशासकीय अधिकृत

सदस्यः आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य सचिवः जन स्वास्थ्य शाखा प्रमुख

७. **कोष ब्यवस्थापनः** (१) यस कार्यविधि बमोजिम आर्थिक सहयोगलाई व्यवस्थित बनाई नियमित र प्रभावकारी रुपमा संचालन गर्न नगरपालिकामा एक छुट्टै कोष स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापित कोषमा नगरसभा वा नगरकार्यपालिकाको निर्णयबाट बिनियोजित रकम जम्मा गरिनेछ।

८. **बिरामीको उपचारः** (१) अस्पतालले यस कार्यविधि बमोजिम आर्थिक सहयोग प्राप्त गर्ने लक्षित बर्गका बिरामीलाई अन्य नागरिक सरह उपचार सेवा प्रदान गर्नुपर्नेछ।

(३) नगरपालिका तथा अस्पतालले यस कार्यविधि बमोजिम प्राप्त हुने आर्थिक सहयोगको बारेमा बिरामी तथा अन्य सरोकारवालाहरुलाई जानकारी गराउनु पर्नेछ।

(४) यस कार्यविधि बमोजिम उपलव्ध हुने आर्थिक सहयोग स्वैच्छिक हुनेछ।

९. **अस्पताललाई भुक्तानीः** (१) अस्पतालले प्रत्येक त्रैमाशिकमा बिरामीको विवरण र नगरपालिकाबाट सिफारिस भएको आर्थिक सहयोग रकमको आधारमा प्रत्येक ३ महिना बितेको ७ दिन भित्र अघिल्लो त्रैमाशिक सम्मका उपचार पाएका बिरामीको उपचार खर्च वापत हुन आउने आर्थिक सहयोग रकम हिसाब गरी नगरपालिकालाई रकम माग गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम रकम माग भएमा नगरपालिकाले आर्थिक सहयोग रकम दफा (७) बमोजिम स्थापित कोष मध्येबाट अस्पताललाई भुक्तानी गर्नुपर्नेछ।

१०. **पेश भएका निवेदन सम्बन्धी विशेष व्यवस्थाः** यस कार्यविधि बमोजिम उपलव्ध हुने आर्थिक सहयोग रकम २०८२ साउन १ गते देखि कार्यालयमा निवेदन पेश भएका विरामीहरुलाई समेत उपलव्ध गराईनेछ।

११. **विविधः** (१) यस कार्यविधि बमोजिम सुबिधा लिने बिरामीहरुको विवरण नगरपालिकाको वेबसाईटमा अर्धबार्षिक रुपमा प्रकाशन गर्नुपर्नेछ।

(२) कार्यक्रमको प्रगति समीक्षा तथा मुल्याङ्कनका लागि प्रत्येक बर्षको श्रावण महिनामा अस्पताल र नगरपालिका बिच समीक्षा बैठक संचालन गर्नुपर्नेछ।

१२. **संशोधनः** (१) यस कार्यविधिमा नगरकार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

१३. **बाधा अड्काउ फुकाउः** (१) यस कार्यविधिको कार्यान्वयनको शिलशिलामा बाधा उत्पन्न भई तत्कालै निर्णय गर्नु पर्ने देखिएको तर तत्काल नगरकार्यपालिका बैठक नबस्ने अवस्थामा नगरप्रमुखबाट बाधा अड्काउ फुकाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम बाधा अड्काउ फुकाएको बिषयलाई तत् पश्चात बस्ने नगरकार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्नेछ।

१४. **प्रचलित कानुन बमोजिम हुनेः** (१) यस कार्यविधिमा लेखिएको कुरा बाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस कार्यविधिमा उल्लेखित बिषय प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**अनुसूची** (१)

(**दफा ४** (३) **संग सम्बन्धित**)

मितिः ....................

श्रीमान् नगर प्रमुखज्यू,
टोखा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय,
मैजुहिटी, काठमाडौँ ।

**बिषय : मुटुरोग उपचारका लागि आर्थिक सहयोग सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यसै नगरपालिका अन्तर्गत वडा नं ..... बस्ने बर्ष ........ को म/मेरो एकाघरको सदस्य श्री .................................. (ना.प्र.प./नावालक प्र.प./रा.प.प.नं. .....................) मुटुरोग लागी हाल शहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रमा उपचाररत रहेको र उपचारको क्रममा नेपाल/प्रदेश सरकारले बिपन्न नागरिक औषधि उपचार कोष मार्फत प्रदान गर्ने उपचार खर्च बापतको रकमले नपुग्ने भई उपचारमा समस्या भएकोले टोखा नगरपालिकाले शहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रमा उपचार खर्च उपलब्ध गराउन गरेको सम्झौता बमोजिम औषधि उपचार खर्च उपलब्ध गराईपाँउ भनि अनुरोध गर्दछु ।

साथै, यस सेवाको लागी गरिब/बिपन्न तथा टोखा नगरपालिकाको स्थायी बासिन्दा भएको भनि वडा कार्यालयबाट गरिएको सिफारिस समेत यसै साथ पेश गरेको छु ।

**बिरामीको:**

नाम, थरः ...........................................................

ठेगाना : ..........................................................

उमेर : ............................................................

दस्तखत :........................................................

मोवाईल नं ......................................................

**एकाघरको सदस्यले निवेदन दिएको हकमा**

निवेदकको नाम, थर :

निवेदकको बिरामीसँगको नाताः

निवेदकको नागरिकता नं. :

निवेदकको फोन नं. :

निवेदकको ठेगाना :

निवेदकको हस्ताक्षर :

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः** बिरामीको नागरिकता/राष्ट्रिय परिचयपत्र/नाबालिक परिचयपत्र, अस्पतालको पत्र, वडा कार्यालयबाट बिरामी बिपन्न तथा टोखा नगरपालिकाको स्थायी बासिन्दा भएको व्यहोरा खुल्ने सिफारीस, टोखा नगरपालिका भित्र स्थायी बसोबास भएको खुल्ने कागजात (टोखा नगरपालिकामा स्थायी ठेगाना भएको वा बसाई सरी आएको वा विवाह गरी आएको प्रमाण) एकाघरको सदस्यले निवेदन दिने भएमा सम्बन्धित बिरामीसँगको नाता खुल्ने कागजात

**प्रमाणीकरण मितिः २०८२/०५/२२**

**आज्ञाले,**

**कमल भट्टराई**

**प्रमुख प्रशासकीय अधिकृत**